# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २४ गते २०२८ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

कानून तथा न्यायतर्फको विभागीय कार्यमा अझ बढी समन्वय ल्याई तिब्रगतिले कार्य सम्पादन होस भन्ने अभिप्रायले श्री ५ को सरकारले माननीय कानून तथा न्याय मन्त्रीको परामर्शका लागि कानून तथा न्याय सचिवको अध्यक्षतामा सर्वोच्च अदालतका रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठ सरकारी अधिवक्ता, न्यायिक समितिका सचिव र आय र कर अदालतका रजिष्ट्रार रहेको एक परामर्श दातृ समिति मिति २०२८।१।१७ मा गठन गरेकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

115

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

120